नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
आर्थिक प्रशासन महाशाखा नक्साल काठमाण्डौ
सिदा (राशन) खरिद बन्दोबस्त सम्बन्धी

**पुन: सिलबन्दी दरभाउपत्र आह्वान सूचना नं. २/२०७८/०७९**

दोस्रो पटक प्रकाशित मिति: २०७८/०८/२८ गते मंगलवार

सुदुरपश्चिम क्षेत्रीय प्रहरी अस्पताल दिपायलमा उपचारार्थ भर्ना हुने बिरामीहरुको लागि सिदा (राशन) को आर्थिक बर्ष २०७८/०७९ अर्थात २०७८ साल माघ ०१ गते देखि २०७९ साल पौष मसान्त सम्म बर्ष १ (एक) को निमित्त सिदा (राशन) को लागि सिलबन्दी दरभाउपत्र आह्वान गरी सिदा (राशन) खरिद वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाली राष्ट्रिय दैनिक गोरखापत्रमा दोस्रो पटक देशव्यापी रूपमा खरिद बन्दोवस्तको लागि यो सूचना प्रकाशित गरिएको छ । सिलवन्दी दरभाउ पत्र लिन ईच्छुक सिदा (राशन) आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका नेपाली आपूर्तिकर्ता व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट सुदुरपश्चिम क्षेत्रिय प्रहरी अस्पताल दिपायलमा बेडभर्ना हुने बिरामीको लागि सोही अस्पतालबाट तयार पारिएको सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित संख्याको लागि बिरामी सिदा (राशन) को दरभाउपत्र सम्बन्धी कागजात खरिद गरी सम्बन्धित कार्यालयबाट प्रकाशित हुने शर्तहरुको अधिनमा रहि प्रकाशित हुने सूचना बमोजिम सिलवन्दी दरभाउपत्रद्वारा बिरामी सिदा (राशन) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१ खरिद बन्दोबस्त गरिने सिदा (राशन) को किसिम र परिमाण तथा प्राविधिक बिवरण (स्पेशिफिकेशन) दरबन्दी संख्या, दरभाउपत्र जमानत, दरभाउपत्र दस्तुर लगायतका शर्तहरु सम्बन्धित कार्यालयबाट तयार गरिएको सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गरिए बमोजिम हुनेछ ।

२ सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित आवश्यक कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी सम्बन्धित कार्यालयको सूचनामा उल्लेख भए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) नेपाल सरकारको राजश्व शीर्षक (कार्यालयको कोड तथा राजश्व खाता सम्बन्धित कार्यालयबाट उपलब्ध हुने) मा नगद जम्मा गरेको सक्कल भौचर वा सम्बन्धित कार्यालयमा नगदै जम्मा गरी सूचना प्रकाशित भएकै दिन देखि मिति २०७८/०९/१३ गते मंगलवार कार्यालय समय भित्र सम्बन्धित प्रहरी कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३ सिलबन्दी दरभाउपत्रको मान्य अवधि सम्बन्धित प्रहरी कार्यालयले नियमानुसार तोके बमोजिम हुनेछ ।

४ सिलवन्दी दरभाउपत्र मिति २०७८/०९/१४ गते बुधवार दिनको १२:०० बजे भित्र सम्ममा बिरामी सिदा (राशन) खरिद बन्दोवस्त गर्ने सम्बन्धित प्रहरी कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु उल्लेखित दिनको १४:०० बजे सम्बन्धित कार्यालयमा उपस्थित प्रतिनिधी, दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै वाधा पुग्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

५ सिलबन्दी दरभाउपत्रदाताले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.ब.०७७/०७८ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

६ सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समय भित्र दरभाउपत्र दर्ता गरिने र खोलिने छ ।

७ दरभाउपत्र सम्बन्धी कागजातमा परिमाण सहितको मूल्य सूचि भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रति दिन प्रति जवान वा आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखि भर्नु पर्नेछ । अंक र अक्षर वीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ सम्बन्धित कार्यालयबाट बिक्रि बितरण भएको सिलबन्दी दरभाउपत्र कागजात मात्र मान्य हुने र एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

९ म्याद नाघी प्राप्त भएका सिलबन्दी दरभाउपत्र र रीत नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१० खरिद सम्झौता अवधिभर कुनै किसिमको मुल्य बृद्धि दिईने छैन ।

११ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित कार्यालयमा सुरक्षित रहनेछ ।

१२ सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राविधिक बिवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको प्रत्येक आईटमको नमूना सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको परिमाणमा छुट्टा छुट्टै प्याकिङ्ग गरी सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । (सडिगली जाने बाहेक)

१३ सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारी सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातबाट लिन सकिनेछ ।

१४ सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा सम्बन्धित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ । साथै, सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.ppmo.gov.np/ www.bolpatra.gov.np र नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ ।

१५ यस सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, (संसोधन सहित) र प्रचलित अन्य नेपाल कानून अनुसार हुनेछ ।